# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं. ०७६/०७७
च.नं ८४६

मिति: २०७६।१२।२१

**श्री वडा कार्यालयहरु (१-१९) सबै**
**बुटवल उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय ।**

विषय:- **राहत सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाबाट पारित राहत वितरण सम्बन्धी कार्यविधि, २०७६ त्याहाँ पठाइएकै छ । राहत वितरणका सम्बन्धमा कार्यविधिमा उल्लेख भएका विषयहरुका सम्बन्धमा सोही कार्यविधि बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुन र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७६।०७७ च.नं.४३९ मिति २०७६।१२।१९ को प्राप्त पत्रानुसार थप देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउन हुन समेत अनुरोध छ ।

१. आ-आफ्नो वडामा वडा सम्पर्क व्यक्तिको रुपमा सम्बन्धित वडाकै वडा सचिव रहने र गुनासो संकलन गर्ने व्यवस्था मिलाउने ।
२. वितरण भएको राहतको विवरण र दाताहरुको नामावली नगरकार्यपालिकाको कार्यालयमा info@butwalmun.gov.np मा उपलब्ध गराउने व्यवस्था मिलाई Websiteमा राखिने र सम्बन्धित वडाको सूचना पार्टी र उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
३. गलत तरिका अवलम्वन गरी राहत सामग्री उपलब्ध हुन नपर्ने परिवारलाई राहत उपलब्ध गराउने गरी गलत मनसायले माग गरेको र सिफारिस गरेको पाइएमा त्यस्ता व्यक्तिलाई उपलब्ध गराएको राहत फिर्ता गर्न लगाई नगरकार्यपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गरी आवश्यक कारवाही प्रकृया अगाडि बढाउने ।
४. राहत वितरण कार्यको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

कृष्णमणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**
श्रीमान् प्रमुखज्यू, बुटवल उपमहानगरपालिका ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
श्री सूचना प्रविधि शाखा, वेभसाइटमा अपलोड गर्ने व्यवस्था हुन ।